नियम/दर्ता नं. १८

# छथर जोरपाटी गाउँपालिका

# शिक्षक नियुक्ती, पदपूर्ति व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।१०।०६

छथर जोरपाटी गाउँपालिका

धनकुटा

शिक्षक नियुक्ती, पदपूर्ति व्यवस्थापन कार्यविधि,२०७५

छथर जोरपाटी गाउँपालिकालाई प्राप्त वित्तीय समानीकरणको रकम बाट तवल भत्ता भुक्तानी हुने गरी शिक्षक दरवन्दी (अनुदान),बाल विकास,प्रारम्भिक शिक्षक समेत प्राप्त गरेका विद्यालयहरुमा गाउँपालिका बाट हुने शिक्षक छनौट /पदपूर्ती लाई मर्यादित एवम् व्यवस्थित गर्न छथर जोरपाटी गाउँपालिकाको शिक्षा ऐन २०७५को नियम ६२ बमोजिम शिक्षक नियुक्ति /पदपूर्ति व्यवस्थापन गर्न गाउँ कार्यपालिकाले शिक्षक नियुक्ती/पदपूर्ति व्यवस्थापन कार्यविधि,२०७५ स्वीकृत गरी लागू गरेको छ ।

परिच्छेद १

संक्षिप्त नाम र परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

"ऐन" भन्नाले छथर जोरपाटी गा.पा.को शिक्षा ऐन,२०७५ सम्झनुपर्छ

"नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली,२०५७ सम्झनुपर्छ ॥

"विषय विज्ञ" भन्नाले गा.पा.शिक्षा समितिले तयार गरेको तहगत र विषयगत विषय विशेषज्ञ सम्झनुपर्छ साथै सो शब्दले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईमा सुचिकृत सम्बन्धित तह र विषयका विशेषज्ञ समेत लाई जनाउछ ।

यो कार्यविधि गाउ कार्यपालिका बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपछि गाउँपालिका क्षेत्र भित्र लागु हुने छ ।

परिच्छेद २

**नियुक्ती प्रकृयाः**

१) गाउँ कार्यपालिकाबाट शिक्षक दरवन्दी अनुदान वितरण गर्ने निर्णय भएपछि शिक्षक दरवन्दी अनुदान प्राप्त गर्ने विद्यालयहरुलाई सो कुराको जानकारी दिई विद्यालयबाट लिखित रुपमा विषय पहिचान गरिएको पत्र लिने ।

२) उल्लिखित पत्र प्राप्त भइ सकेपछि गाउँपालिका स्तरमा हुने शिक्षक छनौटलाई व्यवस्थित एवम मर्यादित बनाउन तपसिल बमोजिमको गाउपालिका स्तरीय शिक्षक छनौट/ पदपुर्ति समिति गठन गर्ने :

क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ............... .संयोजक

ख) श्रोतव्यक्ती........................................................ सदस्य

ग) सम्वन्धित विषयका विषय विज्ञहरु मध्येबाट २ जना .... सदस्य

घ) शिक्षा शाखा प्रमुख.......................... ............ . सदस्य सचिव

समितिले कार्य सम्पादन गर्न आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

३) दफा (२) बमोजिमको समितिको वैठकको निर्णानुसार तहगत र विषयगत विज्ञापन १५ दिनको सूचना दिई दरखास्त आह्वान गर्ने ,

४) उमेद्धवारको योग्यता :

उपदफा ३ बमोजिमको विज्ञापनमा उमेद्धवार हुन तपसील बमोजिमको योग्यता प्राप्त गरेको हुनुपर्ने छ :

क) नेपाली नागरिक

ख) १८ बर्ष पुरा गरेको

ग) चालीस बर्ष पुरा नगरेको

घ ) मानसिक स्वास्थ्य ठिक रहेको

ङ ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको

च) भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिएको

छ) अध्यापन अनुमति पत्र लिएको : यस प्रयोजनको लागि माथिल्लो तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको भए सोही अनुमति पत्रले तल्लो तहको अध्यापन अनुमति पत्र लिएको मानिने छ ।

ज) प्रारम्भिक शिक्षकका लागि प्रवीणता प्रमाणपत्र तह उतीर्ण वा सो सरहको परीक्षा उतीर्ण भएको हुनुपर्ने छ

५) तालीमसम्बन्धी व्यवस्थाः

उपदफा ३ बमोजिमको विज्ञापनमा उमेद्धवार हुन तपसील बमोजिम तालीम हासिल गरेको हुनुपर्ने छ :

क) आधारभूत तहकोलागि सम्वन्धित विषयमा प्रवीणता प्रमाण पत्र उतिर्ण वा सो सरहको परीक्षा उतीर्ण गरी अध्यापन अनुमति पत्र लिएको ,

ख) माध्यमिक  तहकोलागि सम्वन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उतीर्ण गरी अध्यापन अनुमति पत्र लिएको ।

स्पष्टिकरण : यस प्रयोजनको लागि तालिम गणना गर्दा माथिल्लो तहको हासिल गरेको भए तल्लो तहको तालिम स्वतः लिएको मानिने छ ।

६) परीक्षाको पाठ्यक्रम : यस  परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुने छ ।

७) परीक्षाको पुणांक र उत्तिणांक :  १ ) समितिबाट लिइने परीक्षाको पूर्णांक र उतीर्णांक देहाय बमोजिम हुने छ :-

क) लिखित परीक्षा   १०० अंक

ख) प्रयोगात्मक परीक्षा २५ अंक

ग) अन्तर्वाताको अंक २५

२ ) उपदफा १ बमोजिम लिइने परीक्षाको उतीर्णांक क्रमश ३५ र १० अंक हुनेछ ।

स्पस्टीकरण : यस उपदफाको प्रयोगात्मक परीक्षा समितिले आवश्यक ठानेमा मात्र लिइने छ ।

८) अन्तरवार्ताको अंक विभाजन : अन्तरवार्ताको अंक विभाजन देहाय बमोजिम हुने छ :-

१) विषयवस्तुको ज्ञान सीप क्षमता वापत वढीमा १० अंक

२) शैक्षिक योग्यता वापत बढीमा ५ अंक  : प्रथम श्रेणीको लागि ५ अंक, द्वितीय श्रेणीको लागि ४ अंक र तृतीय श्रेणीकोलागि ३ अंक

३) विषय वस्तुको प्रस्तुति वापत वढीमा ५ अंक

४) उत्तर दिने शैली , ढाँचा र शिक्षण पेशा प्रतिको समर्पणभाव वापत वढीमा ५  अंक

९) दफा ७ र ८ बमोजिम लिइएको परीक्षाबाट उच्चतम अंक प्राप्त गरी सफल हुने उमेद्ववारलाई दफा १ बमोजिम गाउँपालिकामा नियुक्तीकोलागि सिफारिस गर्ने ।

१०) उपदफा ९ बमोजिम सिफारिस प्राप्त गाउँपालिकाले उम्वन्धित उमेद्धावारलाई नियुक्ती दिई विद्यालयमा हाजिर हुन पठाउनु पर्नेछ ।

११) उपदफा १० बमोजिम नियुक्ती गरिएको सफल उम्मेद्ववार नियुक्ती गरी पठाइएको विद्यालयमा १० दिन भित्र हाजिर नभएमा दफा २ बमोजिमको समितिले वैकल्पिक उमेद्ववारलाई सिफारिस गर्न सकिने छ ।

परिच्छेद ३

## विविध

१२) उपदफा २ बमोजिमको समितिको बैठक आवश्यक्तानुसार वस्नेछ ।

१३)  उपदफा २ बमोजिमको समितिका सदस्यहरुलाई नियमानुसारको वैठक भत्ता गाउँपालिकाले उपलब्ध गराउनेछ ।

१४) परीक्षालाई थप व्यवस्थित वनाउन दफा २ बमोजिमको समितिले स्थानीय तहसंग समेत समन्वय गरी कार्य गर्न सक्नेछ ।

१५) शिक्षक छनौट कार्यलाई मर्यादित , व्यवस्थित र निष्पक्ष वनाउन समितिले सजगता अपनाउनु पर्नेछ  ।

१६) शिक्षक छनौट कार्यमा  कुनै समस्या आएमा समितिले गाउँपालिका अध्यक्षसंग समेत आवश्यक समन्वय गरी कार्य सम्पादन गर्नु पर्नेछ ।

१७ ) उपदफा २ बमोजिमका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेको भनी कसैले लिखित उजुरी दिएमा निजलाई शिक्षा समितिका अध्यक्षको रायमा जुनसुकै वेला हटाउन सकिने छ । तर यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।